मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५ Purwanchal National Daily

◆ वर्ष : २५ ◆ अङ्क : ११४ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ फागुन २९ गते विहीवार (Thursday, March 12. 2020) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

कोरोना त्रास, चमेरो र ओलीजीको तेस्रो जीवन: पृष्ठ ४



## एसएसबी र गोरु तस्करबीच कुटाकुट

**पार्थ मण्डल**

**भद्रपुर, फागुन २८।** नेपाल-भारतको सीमा नाकामा गाईगोरु तस्कर र भारतीय एसएसबीबीच झडप भएको छ। झडपमा घाइते भएका तीन जना भारतीय एसएसबीको अवस्था गम्भीर रहेको बताइएको छ। उनीहरूको भारतको शिलगढीको एक अस्पतालमा आइसीयुमा राखेर उपचार भइरहेको जनाइएको छ।

नेपाल-भारतको सीमा नाकामा पर्ने झापाको कचनकवल गाउँपालिकास्थित घेरावारी नाकाबाट रातको समयमा तस्कर समूहले ठूलो संख्यामा गाईगोरु विहार राज्यस्थित किसनगञ्ज जिल्लाको



सिंघमारी नाकाबाट भारत लैजाने गरेका छन्।

गाईगोरु लैजाने क्रममा शनिवार राति ८ बजे गाईगोरु तस्कर र भारतीय एसएसबीबीच झडप भएको हो। एसएसबी १९ बटालियन सिघीमारी बीओपी क्याम्प नजिकै उक्त घटना भएको एसएसबीको डिपुटी कमान्डर नवीनकुमार रायले जानकारी दिए। एसएसबीका अनुसार नेपालबाट ठूलो संख्यामा गाईगोरु आइरहेको सूचना पाएपछि तीन जना एसएसबीका जवान गाईगोरु नियन्त्रणका लागि गएका थिए।

तीन जना एसएसबीले गाईगोरु नियन्त्रणमा लिएपछि घटनास्थलमा

*(बाँकी अन्तिम पृष्ठमा)*

## इलाममा दम्पतिको हत्या

**इलाम, फागुन २८।** इलामको फाकफोकथुम गाउँपालिकामा एक दम्पतिको हत्या गरिएको अवस्थामा शव फेला परेको छ।

फाकफोकथुम-५, लुम्देको कैंजले भन्ने स्थानका धनबहादुर खपाङ्गी र उनकै श्रीमती रीता खपाङ्गीको शव बुधबार दिउँसो घरको बलेंसीमा 'रहस्यमय' अवस्थामा भेटिएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार घोप्टो परेर लडिरहेका मृतक धनबहादुरले कम्मरमा खुकुरीको दाप भिरेका छन् भने रगत लतपतिएको नांगो खुकुरी भुइँमा रहेको छ। श्रीमती रीता धनबहादुरको नजिकै उत्तानो अवस्थामा लडिरहेको पाएको प्रहरी सहायक निरीक्षक भूपेन्द्र ढुंगानाले जानकारी दिए। घटना रहस्यमय देखिएको प्रहरीले जनाएको छ। कसैले हत्या गरेको हुन सक्ने प्रहरीको आशंका छ।

धनबहादुरकी आमा घटना भएका बेला घरमा नभएको र उनीहरूका १३-१४ वर्षे १ छोरा, ८-९ वर्षकी १ छोरी रहेको प्रहरीले जनाएको छ। घटनाको विषयमा अनुसन्धान शुरु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक हेमन्त भण्डारी जानकारी दिए।

## महिलाको मृत्यु रगत नमिल्दा !

**झापा, फागुन २८।** कमलपित्त (जन्डिस) रोगको उपचारका लागि बिर्तामोडस्थित मनमोहन अस्पतालमा भर्ना भएकी एक महिलाको उपचारका क्रममा निधन भएको छ।

उपचारका लागि ल्याइएकी पाँचथर याङ्वारक गाउँपालिका वडा नं. १ निवासी मुना राईलाई २४ गते अस्पताल भर्ना गरिएको थियो। राईको उपचारको क्रममा बुधवार बिहान मृत्यु भएको हो। मृतक महिलाका श्रीमान् आशिषले अस्पतालमा ब्लडबारे जानकारी नलिई रगत ल्याएको र 'क्रसम्याच' नगरी ब्लड दिँदा उनको मत्यु भएको बताएका छन्।

नेपाल रेडक्रस सोसाइटीले ए पोजेटिभ रगत उपलब्ध गराएको थियो। उक्त रगत क्रस म्याचका लागि लेखे पनि उपचारमा सम्लग्न नर्सले रगत क्रसम्याच नगरी प्रयोग गरेकै कारण उनको मृत्यु भएको हुन सक्ने नेपाल रेडक्रस सोसाइटी झापाका सभापति लोकराज ढकालले जानकारी दिए।

राईको मृत्युपछि अस्पताल परिसर दिनभर तनाबग्रस्त रह्यो। घटनाबारे सत्य-तथ्य खोजी गर्न अस्पताल प्रशासन, रेडक्रसका

*(बाँकी अन्तिम पृष्ठमा)*

## सूचना

**२०७५ साल भदौ १ गतेदेखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- छाउपडीमा राख्ने वा त्यस्तो अन्य भेदभाव, छूवाछुत र अमानवीय व्यवहार गर्नेलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुने।
- विवाहमा लेनदेन गर्ने तथा दाइजो नदिएको कारण सताउनेलाई पाँच बर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुने।
- आफ्नो संरक्षकत्वमा रहेका नवजात शिशु, बालबालिका, अशक्त रोगी वा बृद्ध व्यक्तिलाई फाल्ने, परित्याग गर्ने वा वेवास्ता गरी छोड्नेलाई तीन बर्षसम्ममा कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुने।
- मञ्जुरी बिना भएको विवाह, हाडनातामा भएको विवाह, बाल विवाह, बहुविवाह स्वत: बदर हुने।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

## हार्दिक बधाई तथा शुभकामना



यस विद्यालयकी पूर्व इन्चार्ज, शिक्षक, सञ्चारकर्मी, सामाजिक अभियन्ता तथा सरल व्यक्तित्वकी धनी बिर्तामोड-५ निवासी **श्री पुष्पाञ्जली सिन्हा** एभरेष्ट स्मार्ट एजुकेशन एकेडेमी, बिर्तामोड-६को **प्रिन्सिपल** पदमा नियुक्त हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै तपाईको आगमनले विद्यालयको शैक्षिक विकासमा अझ सफलता प्राप्त होस् भन्ने शुभकामना व्यक्त गर्दछौं।

**नरेश भट्टराई:** अध्यक्ष, शिक्षक अभिभावक संघ
**गौतम शर्मा शिवाकोटी:** अध्यक्ष, विद्यालय व्यवस्थापन समिति
**धर्मा पराजुली**, संस्थापक
**हरिकुमार प्रसाई**, संस्थापक प्रिन्सिपल

**न्यूटन्स् एजुकेशन एकेडेमी**, बिर्तामोड-५, झापा

## डाक्टर आउने बारेको सूचना

**डा. पवन पराजुली** NMC No. 7465
MBBS (BKPKHIS) Dharan
MD फिजिसियन (PGI, Chandigarh) India
DM, Gastroenterology (ION, TUTU) KTM

ग्यास्ट्रो एण्ड हेपाटोलोजी पेट, आन्द्रा, कलेजो, प्याङ्क्रियाज रोग विशेषज्ञ

महिनाको दोस्रो र चौथो शनिवार (दिनको १२ बजेदेखि)

**कान्तिपुर मेडिसिन एण्ड प्रधान डाइगोनोष्टिक सेन्टर**
बिर्तामोड अन्धुवा खोला छेउ (०२३-५४२८४५)

नेपालीहरुको लागि भरपर्दो सेवा

## निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर



ROYAL ENFIELD को आधिकारिक बिक्रेता (डिलर) भएकाले ROYAL ENFIELD को सम्पूर्ण पार्ट्सहरुमा १०% छुट गरिएको छ।



सातौ बर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा अटो, तीन चक्के टेम्पोको सम्पूर्ण पार्ट्सहरु उपलब्ध गराउँदै इञ्जिनसहितको सम्पूर्ण मर्मत सेवा सुचारु गरिएको छ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटर र टेम्पोको सम्पूर्ण पार्ट्स पाउनुका साथै इञ्जिन मर्मत पनि गरिन्छ।

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर
पानीटंकीको पहिलो गल्ली दायाँ साइड



# किसानलाई आत्मनिर्भर बनाउँदै एनएमसी

**बिर्तामोड, फागुन २८।** गतवर्षको असारमा झापा गाउँपालिकाका किसानले दूध नबिकेको भन्दै सडकमै दूध पोखेर बिरोध जनाए ।

'मिल्क होलिडे'का कारण किसानबाट संकलन गरिएको सबै दूध उठाउन नसकिएको भन्दै नेपाल वहुउद्देश्यीय सहकारी संस्था (एनएमसी)ले किसानले उत्पादन गरेको सबै दूध खरिद नगर्दा किसानले सडकमा दूध पोखेर विरोध जनाएका थिए । तर, अहिले भने झापाका किसानले उत्पादन गरेको दूध नबिक्ने समस्या हटेर गएको छ ।

नेपाल वहुउद्देश्यीय सहकारी संस्थाले किसानले उत्पादन गरेको दूध खरिद गर्दै विभिन्न परिकार बनाएर बिक्री गर्न शुरु गरेसँगै झापाका पशुपालक कृषकले दूध बेचेरै मनग्ये आम्दानी गर्न शुरु गरेका छन् । अहिले झापाका झण्डै चार हजार किसानले नेपाल वहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले सञ्चालन गरेको डेरी उद्योगलाई दूध बिक्री गर्दै आएका छन् ।

झापाका विभिन्न क्षेत्रका किसानले २९ वटा चिस्यान केन्द्र मार्फत डेरी उद्योगलाई दूध बिक्री गर्ने गरेको एनएमसी डेरी उद्योगका प्रशासकीय अधिकृत नवराज अधिकारीले जानकारी दिए । उनका अनुसार झापाका विभिन्न स्थानबाट किसानले दैनिक १४ हजार लिटर दूध बिक्री गर्दै आएका छन् ।

झापा गाउँपालिकास्थित शरणामतीका किसानले डेरी उद्योगलाई सबैभन्दा बढी दूध बिक्री गर्दै आएका छन् । त्यस क्षेत्रका कृषक पशुपालन प्रति बढी आर्कषित भएका कारण दूध बढी उत्पादन हुने गरेको बताइएको छ । सहकारीले समेत पशुपालन गर्ने कृषकलाई प्रोत्साहन गर्दै रकम प्रदान गर्न थालेपछि व्यवसायिक पशुपालनतर्फ किसान उत्साहित भएका हुन् । यो संगै त्यस क्षेत्रका किसानले बढी दूध उत्पादन गर्दै आएको अधिकारीको भनाइ छ ।

अहिले शरणामतिका कृषकबाट २१ सय लिटर दूध चिस्यान केन्द्रमार्फत डेरी उद्योगलाई आउने गरेको बताइएको छ । शरणामति चिस्यान केन्द्रमार्फत संकलित दूध सोझै डेरी उद्योगको ट्याङ्करले उद्योगमा ल्याउने गरेको छ- अधिकारीले भने - शरणामतिबाट मात्र होइन झापाका विभिन्न स्थानबाट उद्योगले दूध संकलन गर्ने गरेको छ ।

किसानले सोझै उद्योगमा समेत दूध बिक्री गर्दै आएको बताइन्छ । सबैभन्दा बढी दूध बिक्री गर्ने कृषक मेचीनगरका



रामकुमार ओली हुन् । उनले दैनिक चार सय लिटर दूध बिक्री गर्दै आएको बताइएको छ । ओलीले दाजुभाइ कृषि फर्म सञ्चालन गरेको र सो फर्ममार्फत सिधै उद्योगलाई दूध बिक्री गर्दै आएको बताइन्छ ।

सहकारीले २०७२ सालबाट डेरी उद्योग सञ्चालन गरेपछि सहकारीमा आवद्ध ३ सयभन्दा बढी किसान दूधमा आश्रित भएको बताइएको छ । सहकारीले दूध खरिद गर्न थालेपछि सहकारीमा आवद्ध नभएका कृषकले समेत पशुपालन गर्दै दूध उत्पादन गर्न शुरु गरेको प्रशासकीय अधिकृत अधिकारीले बताए । उनले भने- हाम्रा सदस्यका लागि सहकारीमार्फत विभिन्न शीर्षकमा पशुपालन व्यवसायलाई प्रोत्साहन गर्दै ऋण लगानी गरिएको छ । तर, गैरसदस्यले पनि हाम्रा सदस्यको सिको गर्दै पशुपालन गरेर मनग्ये आम्दानी गरिरहेको छन् ।

हामीसँग जोडिएका तीन हजार किसान नियमित दूध विक्री गरेर मनग्ये आम्दानी गर्छन्- अधिकारीले भने- हाम्रा सदस्यसंगै समुदायका अन्य व्यक्तिले समेत दूध विक्री गरेर दूधलाई नै आम्दानीको मुख्य श्रोत बनाएका छन् ।

सहकारीमा अहिले न्यू शुलभ चिस्यान केन्द्र सुरुङ्गाबाट ५५०, शरणामती चिस्यान केन्द्रबाट २१ सय, आर्शीवाद चिस्यान केन्द्रबाट ५ सय, अन्नपूर्ण कृषि फर्मबाट ३ सय, नेपाल दूध उत्पादक सहकारी संस्थाबाट ३ सय, राजकृषक समूहबाट १ सय ५०, शान्तिनगर चिस्यान केन्द्रबाट ६ सय ५०, सिमलचौक चिस्यान केन्द्रबाट ७ सय लिटर दूध संकलन हुँदै आएको छ ।

त्यस्तै दूधे चिस्यान केन्द्रबाट ३ सय, हडिया चिस्यान केन्द्रबाट २ सय ५०, जीटुजी चिस्यान कन्द्रबाट ५५०, लगनशील कृषि सहकारी संस्थाबाट २ सय, किच्चकबध कृषि सहकारी संस्थाबाट २५०, हातेमालो कृषि सहकारी संस्थाबाट ३ सय, बाह्रघरे चिस्यान केन्द्रबाट ५ सय, कचनकवल कृषि सहकारी संस्थाबाट ५ सय, शान्तिनगर चिस्यान केन्द्रबाट २ सय ५०, लक्ष्मीपुर चिस्यान केन्द्रबाट २ सय ५०, पाँचगाछी चिस्यान केन्द्रबाट १२ सय ५० लिटर दूध संकलन हुने गरेको छ ।

त्यस्तै शिव चिस्यान केन्द्रबाट ५ सय, त्रिवेणी दूध संकलन केन्द्रबाट ६५०, गोल्धाप चिस्यान केन्द्रबाट ५ सय, बौद्धमोड चिस्यान केन्द्रबाट ४ सय, ज्यामिरगढी चिस्यान केन्द्रबाट २५०, एननएमसी डेरी उद्योग इँटाभट्टाबाट १ हजार, इन्द्रेणी सहकारी संस्थाबाट ३ सय ५०, कर्णनैना दुग्ध डेरीबाट ३ सय ५०, जलथल चिस्यान केन्द्रबाट ३ सय र बोलेचौक चिस्यान केन्द्रबाट ४ सय ५० लिटर दूध संकलन हुँदै आएको डेरी उद्योगले जनाएको छ ।

डेरी उद्योगबाट किसानलाई प्रत्यक्ष लाभान्वित गर्दै आफ्ना शेयर सदस्यको समेत जीवनस्तरमाथि उठाउन पहल गरेको सहकारीले जनाएको छ । सहकारीले यस आर्थिक वर्षदेखि डेरी उद्योगबाट ७४ लाख रुपैयाँ मुनाफा गर्ने लक्ष्य लिए पनि सञ्चालन नाफातर्फ एक करोड २६ लाख १२ हजार ९ सय ६६ रुपैयाँ संकलन गरेको उद्योगका प्रशासकीय अधिकृत अधिकारीले बताए । अघिल्लो अर्थिक वर्षसम्म डेरी उद्योग घाटामा गएपनि अब बजार व्यवस्थित भएकाले डेरी उद्योगले आफ्ना उत्पादनलाई बढावा दिँदै मुनाफातर्फ अघि बढ्ने जनाएको छ ।

डेरी उद्योगले गाउँ-गाउँमा पुगेर दूध संकलन गर्न थालेपछि झापाका किसान पशुपालनप्रति प्रोत्साहित भएका हुन् । अहिले शहरदेखि गाउँसम्म व्यवसायिक पशुपालन गर्दै मनग्ये आम्दानी गर्नेको कमी नरहेको सहकारीका अध्यक्ष रामचन्द्र उप्रेतीले बताए । उनले भने- एनएमसीले किसानलाई गाई पाल्न सिकायो । पशुपालन गरेकै कारण धेरै वेरोजगार युवा पनि अहिले रोजगारीको खोजीमा विशेष पलायन हुनको सट्टा गाई पालन व्यवसाय सञ्चालन गर्न शुरु गरेका छन् भने विदेशबाट फर्किएकाहरु पनि पशुपालनमा नै लागेका छन् ।

तत्कालीन गर्भनर डा. युवराज खतिवडाले २०६९ सालमा शिलान्यास गरेको एमएमसी डेरी उद्योग अहिले झापाका कृषकका लागि सारथि बनेको छ ।

रु. ११ करोड रुपैयाँ लगानी गर्दै २०६९ सालबाट शुरु गरिएको डेरी उद्योगले २०७२ सालबाट नियमित सेवा शुरु गरेको थियो । अहिले १४ हजार लिटर भन्दा बढी दूध संकलन गर्दै प्रशोधन गर्ने डेरी उद्योग झापाको मात्र नभई पूर्वका तीन जिल्लाका किसानको सारथि बनेको हो । ७८ जनालाई प्रत्यक्ष रोजगारी दिएको उद्योगले त्यो भन्दा बढीलाई अप्रत्यक्ष रुपमा रोजगारी दिएको सहकारीका अध्यक्ष उप्रेतीले बताए । उनले भने- अहिले हामी कहाँ तीन हजार किसान सहकारीमार्फत जोडिनु भएको छ । झण्डै एक हजारको हाराहारीमा हाम्रो सहकारीमा आवद्ध नभएका किसान हुनुहुन्छ, उहाँहरु सबैलाई यो उद्योगले स्वरोजगार बनाएको छ ।

डेरी उद्योग सञ्चालन गर्दा झापामा तीनबटा मात्र चिस्यान केन्द्र थिए- अध्यक्ष उप्रेतीले भने- अहिले जिल्लामा चालीसभन्दा बढी चिस्यान केन्द्र सञ्चालनमा छन् ।

अत्याधुनिक उपकरणबाट दूध प्रशोधन गर्दै बजारिकरण गर्ने उद्योगले अहिले प्रशेधित दूधसहित दही, योगढ, मोही, पनिर, ध्यू, आइसक्रिम, मिठाईहरु समेत उत्पादन गर्दै आएको सहकारीका उपाध्यक्ष नारायणप्रसाद कोइरालाले बताए ।

हरेक वर्ष नयाँ-नयाँ प्रविधि जडान गर्दै अहिले पूर्वकै नमूना डेरी उद्योगका रुपमा विकास गरेर लान पहल भइरहेको सहकारीका अध्यक्ष उप्रेती बताउँछन् । 'उद्योग सञ्चालनदेखि अहिलेसम्म १५ करोड रुपैयाँ लगानी भएको छ । यो उद्योगलाई अझ परिस्कृत र विश्वसनीय बनाउन हामी लागीपरेका छौं'- अध्यक्ष उप्रेतीले भने- 'हाम्रो मुख्य लक्ष्य भनेकै किसानले उत्पादन गरेको सबै दूध संकलन गर्दै किसानलाई प्रोत्साहन गर्नु हो । किसानले समृद्धि हासिल गरेभने मात्रै डेरी उद्योग सञ्चालनको सार्थकता रहन्छ ।'

## पूर्वसञ्चारमन्त्रीको घरमा बम विस्फोट

**झापा, फागुन २८।** पूर्वसञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुल बाँस्कोटाको नवनिर्मित घरमा शक्तिशाली बम विस्फोट भएको छ ।

मध्यपुरथिमि नगरपालिका-१ लोकन्थलीस्थित मनोहरा फाँटस्थित बाँस्कोटाको घरमा बुधवार बिहान करिब ७:४० बजे प्रेसर कुकर बम विस्फोट भएको हो ।

बम विस्फोटबाट पूर्वमन्त्री बाँस्कोटाको घरको पर्खाल र घरको सिसामा क्षति पुगेको महानगरीय प्रहरी वृत्त थिमिका प्रहरी नायब उपरीक्षक शान्तिराज कोइरालाले जानकारी दिए । बम विस्फोटबाट बा१९च ४७८१ नम्बरको निजी भ्यानको सिसामा समेत क्षति पुगेको छ ।

विस्फोटबाट पूर्वमन्त्री बाँस्कोटाको घरसँगै रहेको कुबेर केसी र कपिल घिमिरेको घरको सिसासमेत फुटेको छ ।

घटनाको जिम्मा नेत्र विक्रम चन्द समूह विप्लवले लिएको छ । सेक्युरिटी प्रिन्टर प्रेस खरिदका लागि सरकारले प्रक्रिया अघि बढाइरहेका बेला तत्कालीन सञ्चारमन्त्री बाँस्कोटा स्वीस कम्पनीका एजेन्ट भनिने बिजयप्रकाश मिश्रसँग रु. ७० करोड कमिशन काण्डमा मुछिएपछि उनले राजीनामा दिएका थिए ।

पूर्वमन्त्री बाँस्कोटा मन्त्री भएदेखि नै भक्तपुरको बालकोटस्थित प्रधानमन्त्री केपी शर्मा ओलीको निजी निवासमा बस्दै आएका छन् ।

## एसएसबी ...

रहेका पाँच जना तस्कर उनीहरूमाथि खनिएका थिए । पाँच जनाले एसएसबीबाट गाईगोरु छुट्याउन नसकेपछि उनीहरूले थप ३०देखि ४० जनाको समूहलाई घटनास्थलमा बोलाए । तस्करको समूहले तीन जना एसएसबीलाई नियन्त्रणमा लिएर फलामको रड, लट्ठीसहित ढुंगामुढा गरी कुटपिट गरेका थिए ।

'तस्करको कुटपिटबाट घाइते भएका एसएसबीका जवान मनिकन्दन, वसीम र जाफतको अवस्था चन्ताजनक छ'- एसएसबीको डिपुटी कमान्डर रायले भने- 'उनीहरूको शिलगढीको अस्पतालमा आइसीयुमा राखेर उपचार भइरहेको छ ।' 'जवानमाथि कुटपिट भएपछि उनीहरूलाई बचाउन थप एसएसबी टोली घटनास्थल पुगेपछि तस्करहरू भागे, राति भएकोले उनीहरूको पहिचान गर्न सकिएन'- उनले भने । घटनास्थलबाट दुई वटा मोटरसाइकल बरामद भएको उनको भनाई छ । यता जियापोखर थाना अध्यक्ष शिवकुमार प्रसादका अनुसार बरामद गरिएका दुई वटा मोटरसाइकलमध्ये एउटा मोटरसाइकल धनीलाई नियन्त्रणमा लिएको छ ।

**रोकिएन गाईगोरु तस्करी**

झापाको दक्षिणी नाकाबाट गाईगोरु तस्करी गतिविधि अझै रोकिएको छैन ।

स्थानीय प्रहरी र सशस्त्र प्रहरीको सेटिङमा ठूलो संख्यामा दिनहुँ गाईगोरु कचनकवल गाउँपालिकास्थित घेरावारी नाकाबाट भारत निकासी भइरहेको पाइएको छ । घेराबारीसहित कुमरखोद, टाघनडुब्बा, गौरीगञ्ज लगायतका नाकाबाट ठूलो संख्यामा गाईगोरु भारत तस्करी भइरहेको छ ।

सशस्त्र प्रहरीले अहिलेसम्म गाईगोरु नियन्त्रणमा चासो देखाएको छैन । तस्करले सशस्त्र प्रहरीलाई सेटिङमा मिलाएर गाईगोरुको तस्करी गरिरहेको स्थानीयको आरोप छ ।

प्रहरी कार्यालय झापाले भद्रपुर र काँकरभिट्टाबाट गाईगोरु बरामद गर्दै आइरहेको छ । प्रहरी कार्यालयबाटै खटिएका सादा पोशाकको टोलीले बेलाबेला दक्षिणी झापाको नाकाबाट पनि गाईगोरु बरामद गर्दै आइरहेको छ ।

गाईगोरु भारत हुँदै बङ्गलादेश तस्करी गर्ने झापा जिल्ला प्रमुख नाकामा पर्छ । भारतको उत्तर प्रदेशबाट सर्लाही जिल्लाका नाकाहरूबाट नेपाल भित्र्याइने गाईगोरु त्यहाँबाट झापा ल्याइन्छ । झापाको दमक, घैलाडुब्बा, झापा बजार, राजगढमा जम्मा गरेर जिल्लाका विभिन्न नाका प्रयोग गरेर गाईगोरु भारत पठाइन्छ । प्रहरी कार्यालय झापाका तत्कालीन प्रहरी उपरीक्षक दिनेशराज मैनाली जिल्लाबाट हुने गाईगोरु तस्करी रोकथाम तथा नियन्त्रणमा आक्रामक बनेका थिए ।

प्रहरी उपरीक्षक मैनालीको सरुवा भएपछि प्रहरी कार्यालय झापा आएका प्रहरी उपरीक्षक कृष्णप्रसाद कोइरालाले दुई महिनाको अवधिमा ५ सयभन्दा बढी गाईगोरु बरामद गरी भन्सार बुझाइसकेका छन् ।

## महिलाको ...

प्रतिनिधि र पीडित पक्षकाबीच भएको छलफलपछि दुबै पक्षबीच सहमति भएको बताइएको छ ।

श्रीमतीलाई रगत दिनुपर्ने भएपछि पाँच पाउण्ड रगत बीएण्डसीस्थित ब्लड बैंकबाट ल्याइएको थियो । राईका श्रीमान् आशिषले ५ पाउण्ड रगत सोही ब्लड बैंकबाट ल्याएर प्रयोग गरेका थिए भने छैंटौ पटक रगत लिन पुगेका आशिषले सो ब्लड बैंकमा नभएपछि बिर्तामोड रेडक्रसको ब्लड बैंकबाट ल्याएर दिएको बताइएको छ ।

मृतक राईको ९ महिनाको सन्तान रहेको आशिषले जानकारी दिए । छलफलमा अस्पताल प्रशासन, परिवारका सदस्य, नेकपाका बिर्तामोड नगर अध्यक्ष ज्ञानुराम प्रसाई, नेपाली कांग्रेसका नगर सभापति भोजराज सिटौला, नेपाल रेडक्रस सोसाइटीका झापा सभापति लोकराज ढकाल, नेपाल रेडक्रस सोसाइटी बिर्तामोडका सभापति सजेश शिवाकोटी लगायत रहेका थिए ।


## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।।



पूर्वाञ्चलकै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

## कर्मचारी तु-आवश्यकता

**लक्ष्मीपुरबाट पञ्चकन्या, प्रोभिडेन्स कलेज उत्तरबाट कृष्ण हल हुँदै मुक्तिचोक उत्तर शनिश्चरे रोड, पाथीभराटोल, कृषिथोक, महेन्द्र शोरुमसम्म लक्ष्मीपुरदेखि दुर्गापुर सिमसार चम्पापुरसम्म पत्रिका वितरण गर्ने आफ्नो मोटरसाइकल भएको व्यक्ति तु-आवश्यकता परेको हुँदा इच्छुकले सम्पर्क गर्नुहोला ।**

**तलब: १०,००० (बोनसले तेल हाल्न पुग्ने)**

**सम्पर्क: ९८०१४०४०००, ९८१६६४१५७३**

## आकर्षक घडेरी बिक्रीमा

**झापाको अर्जुनधारा-९स्थित कटहरडाँडामा कालोपत्रे पिच बाटोले छोएको ३६ फिट मुख भई पश्चिम फर्केको घरायसी तथा व्यापारीक प्रयोजनको लागि भिटाहरु एकमुष्ट वा टुक्रा गरी लिन चाहने व्यक्तिले सम्पर्क राख्नुहोला ।**

**नोट: जम्मा जग्गाको क्षेत्रफल ११ कठ्ठा**

**सम्पर्क: नरेश श्रेष्ठ (मो. नं. ९८४२६२४१५०,९८१७०२१८५५)**

## ADMISSIONS GOING ON

# M.B.A

01 Evening Classes
Globally Recognized Degree.

02 2 years (4 Semester) Course
Approved by ministry of Education, Nepal

03 5 days a Week
T.U. Equivalent Degree.



**Balmiki lincoln College**
Birtamode, Jhapa
023-542373/ 9815999988
Balmiki.lincoln@gmail.com
Facebook.com/Balmikilincoln

# VACANCY ANNOUNCEMENT

## Newton's Education Academy

Announces Teachers' vacancy for the following post's:

| S. No. | Subject | Nos. | Class/Level | Qualification |
|---|---|---|---|---|
| 1 | Basic Level In-charge | 1 | Basic Level | M.A. in English (Experienced) |
| 2 | Science | 1 | Class 8 & 9 | B. Sc |
| 3 | Mathematics | 1 | Class 7 to 9 | B. Sc |
| 4 | Maths & Science | 1 | Primary | +2 Science & Bachelor |
| 5 | Computer Science | 1 | Primary | +2 Computer Science & Bachelor |
| 6 | English | 2 | Primary | B.A in English |
| 7. | Office Assistant | 1 | - | +2, fluency in Nepali & English Typeing, Corel Draw Designing |

**Candidates should be:**
1) A graduate from a reputed English school. 2) Able to use computer.
3) Three years experienced in related field.
**Salary: Negotiable as per qualification, experience and ability.**
Desiring candidates can apply personally with the necessary testimonials or via E-mail.
**Last Date: 4th Chaitra 2076**

**Newton's Education Academy**, Birtamode-05, Jhapa
Phone No. 023-540196/ 9842623904 | E-mail: newtonschool102@gmail.com


राष्ट्रिय वाणिज्य बैंक लि. RASTRIYA BANIJYA BANK LTD.
नेपाल राष्ट्रिय बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

## राष्ट्रिय वाणिज्य बैंक लि.

केन्द्रीय कार्यालय
कर्जा असुली तथा पुनर्संरचना विभाग

# राष्ट्रिय बाणिज्य बैंक लि. शाखा कार्यालय शिवगञ्ज (२१७)को कर्जा चुक्ता/नियमित गर्न आउने वारे अत्यन्त जरुरी सूचना

**(सूचना प्रकाशित मिति २०७६।११।२८)**

यस शाखा कार्यालयबाट तपसिल बमोजिम कर्जा लिने ग्राहकहरुले म्यादभित्र कर्जा चुक्ता/नियमित नगरी लिखित तथा मौखिक तर ताकेता गर्दा समेत चुक्ता/नियमित नभएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कर्जा चुक्ता/नियमित गर्न हुन सम्बन्धित ऋणी/धितोदाता तथा जमानतदातालाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । उक्त म्यादभित्र पनि चुक्ता/नियमित नगरेमा बैंक नियमानूसार धितो लिलाम, ऋणी तथा जमानतदातालाई कालोसूचीमा राख्ने, धितो सकार तथा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गर्ने जस्ता कर्जा असुली सम्बन्धी कारवाही गरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

| कर्जा शीर्षक र नं. बिपन्न बर्ग कर्जा | ऋणीको नाम, ठेगाना | ऋणी, फर्मका प्रोप्राईटर/ सञ्चालक/ साझेदारको तीनपुस्ते बिवरण र ठेगाना | जमानतदाताहरुको तीनपुस्ते बिवरण र ठेगाना | धितोको विवरण |
|---|---|---|---|---|
| २१७००००२०७३Q | मुकेशप्रसाद ताजपुरिया शिवसताक्षी-४, झापा | धर्मबहादुर ताजपुरियाको नाति, भक्तिनारायण ताजपुरियाको छोरा, शिवसताक्षी-४, झापा । | मंगल सिंहको नाति, धर्मबहादुरको छोरा भक्तिनारायण ताजपुरिया, शिवसताक्षी-४, झापा | भक्तिनारायण ताजपुरियाको, नाममा दर्ता रहेको, जिल्ला झापा, पाँचगाछी-४, स्थित कि.नं. २०४४, क्षेत्रफल, १-०-१७.७५ जग्गा । |

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी ■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा ■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

## सम्पादकीय

### निजत्वको रक्षा गरौं

**विश्वलाई नै प्रभावमा पारेको कोभिड-१९, कोरोना भाइरसको कारण नेपालमा यस वर्ष होलीका दिन केही सहज महशुस भयो । हाट-बजार र शहरहरुमा हुने गरेको लाइभ कन्सर्ट गर्न प्रशासनले रोक लगाएका कारण स्थानीयबासीले आतंकित हुनु परेन । मुटुका विरामीले थप पीडा भोग्नु परेन, यस अर्थमा कोरोना वातावरणीय स्वच्छताका लागि, ध्वनी प्रदुषणबाट जोगिन, रङ्गहरुमा गरिने खर्च कम गर्न र मानव स्वास्थ्य रक्षाका लागि ठीकै हो कि ! भान भएको छ । यद्यपि यस्ता महामारी समय-समयमा आउने गरेका छन्, कहिले दैवी विपत्तिका रुपमा त कहिले, प्राकृतिक वा असावधानीबस हुने विपत्तिका रुपमा । त्यसैले सायद 'माल्थस' नाम गरेका अर्थशास्त्रीले जनसङ्ख्या नियन्त्रणका लागि यो र यस्तै विपदाहरु आउने उहिल्यै बताएका थिए ।**

**होलीमा गरिने खर्च फिजुल खर्च नै हो । रङ्गका लागि गरिने खर्च जम्मा गरेर भोकमरीको पीडा खपेका नेपाली कै लागि खर्च गर्न पाए ! होलीका नाममा लागूपदार्थ र मद्यपान गरेर पैसा र स्वास्थ्य दुबै क्षति गर्नेबाट जोगाएर आशामुखी वा पैसाको अभावमा उपचार नपाइ छटपटाएकाहरुको सेवा गर्न सकिए कति स्याबासी पाइन्थ्यो होला । फेरि होली मनाउनेहरुले सांस्कृतिक मूल्य र मान्यताको जानकारी कति राख्छन्, धार्मिक महत्व र आफ्नो जीवनसँगको नातालाई कसरी परिभाषित गर्छन्- त्यो अर्कै विषय हो । वैदिक सनातन धर्ममा यस्ता धेरै पर्वहरु छन् जसले जीवनलाई जगतसँग जोडेर सत्मार्ग, सदाचार, सहिष्णु र सहृदयी बन्न प्रेरित गर्छ । हामी ती पर्वहरु मनाएर निर्देशित मार्गमा हिँडिरहेका छौं त ! आफैंलाई सोध्नुपर्ने भएको छ ।**

**पूर्वीय धर्म, दर्शनभित्र संस्कार र संस्कृतिहरु पश्चिमाहरुका लागि समेत प्रेरक र आकर्षक हुन थालेका छन् । त्यहीकारण हुनसक्छ लाखौं पश्चिमाहरु वैदिक सनातन धर्मका अनुयायी भइरहेका छन् प्रत्येक वर्ष । हाम्रा संस्कृति, रितिरिवाज र सामाजिक मूल्य-मान्यता उनीहरुका लागि आकर्षणका विषय बन्दैछन् । तर, हामी पूर्वीय दर्शन र संस्कृतिका अनुचर भनिनेहरु पश्चिमी संस्कृतिमा हराउँदैछौं । तागाधारीहरुले काँधमा 'जनै' लगाएका छौं ? औंशी-पूर्णिमा जस्तो पवित्र दिनमा मांसाहार त गर्दैछैनौं ? जन्मदेखि मृत्युपर्यन्त गरिने मौलिक संस्कारको पालना परम्परागत रुपमै गर्दैछौं ? यस्ता सवालहरुको जवाफ होलीमा रङ्गिनुलाई धर्म-संस्कृति जोगाएको ठान्नेहरुले आफ्नै मनलाई दिनु राम्रो हुन्छ ।**

**सनातनी मार्गबाट विमुख भइयो भने गन्तव्य नभेटिने मात्र होइन 'बुहारीले काग' बनिन्छ । अरुहरुलाई हाम्रो संस्कार-संस्कृतिमा ढाल्न सकिँदैन भने अरुको अनुशरण गर्दै दौडिनु पनि मुर्खता मात्रै हुन्छ । नयाँ वर्ष, हाम्रा चाडपर्वहरु दशैं, तिहार, कुशे औंशी, जनैपूर्णिमा, तिज, नागपञ्चमी वा मकर संक्रान्ति लगायतमा हामीले निजत्व खोज्नुपर्छ । तिनको धार्मिक, लैङ्गिक वा परम्परागत मूल्य र मान्यताको अनुशरण गर्नुपर्छ । कागले मयुरको प्वाँख लगाउँदैमा मयुर हुँदैन, स्वयम्ले अनुभूत गर्नुपर्छ । चाडपर्वका नाममा फिजुल खर्च, स्वास्थ्यको हानी र विकृतिहरु भित्र्याउने कुरामा प्रत्येक व्यक्तिले सचेत हुनैपर्छ । अन्यथा नेपाली समाज मौलिकताविहीन, विखण्डित जातिका रुपमा स्थापित हुनेछ । यसतर्फ सरोकारी संस्था, सचेत वर्ग र सामाजिक अगुवाहरुले बेलैमा ध्यान दिनु पर्दछ । अन्यथा पछुताउनु बाहेक आफूसँग केही बाँकी रहने छैन ।**

# प्रादेशिक संरचनाको फजुल भार देशले कहिलेसम्म धान्ला ?



नकुल काजी

तीन तहका सरकारद्वारा देशको शासन नेपालमा मात्र पहिलो होइन । तर, परम्परागत नेपाल शासकीय इतिहासका अप्ठ्यारा उतार-चढाउहरुद्वारा निर्मित आन्तरिक र वाह्य मनोविज्ञानले नेपालका तीन तहको सरकारलाई हेर्ने गरेको छ र ती तीन सरकारमध्ये बीचको प्रदेश सरकारलाई महाभारत-कथामा वर्णित 'त्रिशंकु' जस्तै अक्करिलो-अप्ठ्यारो देख्नुपर्ने स्थिति खडा गरेको प्रतीत हुन्छ । मौजूदा संविधानले जेसुकै बिधि-पद्धति निर्देशित गरिरहेको भए पनि तल स्थानीय सरकार (पालिका)-हरु प्रदेश सरकारको प्रत्यक्ष 'मातहत'-मा नभएको र प्रदेश सरकार स्वयम् पनि संघीय सरकारकै अरौटेरुपमा चल्नुपर्दा 'शासन व्यवस्थापकीय सहायक' भनेर इज्जत गरिदिनुपर्ने अवस्था जो अहिले देखिँदो छ । पालिकाहरु 'स्थानीय सरकार'-को हैसियतमा चल्नुपर्ने भए पनि संघीय सरकारका 'कार्यकारी अधिकृत' र महालेखाका 'लेखापाल' तिनका गलामा घण्टी झुण्ड्याइएका छन् । यसले पालिकाहरु बहुधा कसको मातहत छन् भन्ने छर्लङ्ग छँदैछ । अझ सरल बोधगम्य बनाएर भन्ने हो भने पञ्चायत व्यवस्थाकालको गाउँफर्क निर्देशित जन-प्रशासनको तल्लो एकाई अहिलेका पालिकाहरुमा पुनरावृत्त भइरहेको प्रतीत हुँदैछ । त्यसो भए लोकतान्त्रिक राज्यव्यवस्थाको, समग्रतामा, मुख्य शासकीय विधि । ('शक्ति र अधिकारको विकेन्द्रीकरण' ?) त्यहीँ टुङ्गिएको बुझ्नुपर्ने हुन्छ । त्यसो हुँदा अझ प्रदेश सरकारको अस्तित्व वा भूमिकाले २०३२ पूर्वको पञ्चायती प्रणाली अन्तर्गतको 'अञ्चल पञ्चायत'- को भूमिकाभन्दा महत्वको आँक्ने ठाउँ देखिँदैन । यदाकदा प्रदेशको नामाकरणसम्म पनि संघीय सरकारको रोजाइमा हुने गरेको उदाहरण पनि छ । यो कस्तो किसिमको संघीय लोकतान्त्रिक अभ्यास हो त ? यसरी मिहिनरुपमा केलाउँदा नेपालका सात प्रदेशको व्यवस्थापनमा अर्बौंको राष्ट्रिय राशी धुल्कुटान्लाई 'अपव्यय' करार गर्न असजिलो पटक्कै हुँदैन । त्यो राशी जो दासका रुपमा विदेश निर्यातीत नेपालीका पसिनासरि रिमिट्यान्स नेपालको गरिबीको बिलौना गाएर दाताहरुबाट संकलित भिक्षा र कानूनका लौराले तर्साई-तर्साई नागरिकबाट उठाइएका कर-तिरोबाट सञ्चित हो । यस्तो दुःखी राशी बेकाम खर्च हुने नाका खोलिराख्नुको लोकतान्त्रिक औचित्य राजनीतिका कोरा सिद्धान्तले कविताको शैलीमा पुष्टि गर्दै जाने हो भने उल्लिखित श्रोतहरुले कति दिन धान्न सक्लान् ? प्रश्नको बुनियाद कमजोर छैन ।

लोकतान्त्रिक बिधि बमोजिम लोकमतले वर्तमान सरकारलाई निर्बाध शासकीय जिम्मेवारी दिएको हो । अर्थात्, शासक दल नेकपालाई लोक-अनुकम्पाबाटै स्पष्ट बहुमत प्राप्त भएको हुँदा उसको सरकारलाई सर्वभावेन सुविधा पनि प्राप्त छ । अनेकथरिका अर्घेल्याइँ र कुतर्कहरुलाई आधार प्राप्त होलान् तर यो बहुमतलाई ठाँगेले पनि छुनसक्ने देखिँदैन । त्यसो भए स्थलगत अभ्यासले राष्ट्र र राष्ट्रवासीलाई जोड्न किन सकिरहेको छैन ? कहाँ के तौजी मिलिरहेको छैन ? केको वा के-केको अल्मलले खल्बल्याइरहेको छ उसले पाएको जनादेशद्वारा लक्षित गन्तव्य लक्षित गन्तव्य तय गर्ने बाटाहरुलाई ? संघीय भनिने राष्ट्रिय सरकारलाई संवैधानिक व्यवधान पनि छैन भने संविधाननिर्दिष्ट जिम्मेवारीबाट पन्सिने सुविधा पनि छैन उसलाई । शायद लोकप्रदत्त सुविधाले उन्मादको रुप लिएकाले पो आलोचनाका अध्यायमाथि अध्याय थपिने खण्ड पर्दै गएको हो कि ! किनभने, विगत पच्चीस महिनायताका उम्दा-उम्दा आलोच्य काण्डहरुलाई बिर्सेर भरखरै प्रकाशमा आएको एक विश्वस्त अनुसन्धान प्रतिवेदनले बताए अनुसार देशको शासकीय अख्तियारमा पुगेका तीनै तहका जम्मा जनशक्तिको हठहत्तर प्रतिशत उच्च आर्थिक हैसियतमा छन् । राष्ट्रिय योजना आयोग-नेपालका विषयविज्ञहरु र ओपीएचडीआई (Oxford Poverty and Human Development Initiative)-को पछिल्लो अनुसन्धान प्रतिवेदनको किटान हो यो । त्यस प्रतिवेदनलाई आधारमानी एक निरपेक्ष विश्लेषक लेख्छन्– "नेता बेरोजगार छन्, पेशा राजनीतिक छ, तर हैसियत औसत नेपालीभन्दा कता हो कता माथि छ । यो कसरी सम्भव हुँदैछ ? यसले के दखाउँछ भने नेपालमा राजनीति सेवा नभएर व्यवसाय भएको छ ।"

ती विश्लेषकले अमेरिकाका तत्कालीन र वर्तमान राष्ट्रपतिहरु बाराक ओबामा र डोनाल्ड ट्रम्प, चिनियाँ




राष्ट्रपति सी जिन पिङ, पाकिस्तानी पूर्व र वर्तमान प्रधानमन्त्रीहरु साहिद खान अब्बासी र इमरान खान, फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोन, बेलायतकी प्रधानमन्त्री थेरेसा मे आदिको पूर्व पेशा राजनीति थिएन, अन्य विभिन्न पेशा-व्यवसायबाट उनीहरु समृद्ध जीवनमा अवतरित भएपछि राजनीतिमा पाइला हालेका उदाहरणको धरातलमा उभिएर लेख्छन्– "तर हाम्रो देशमा राजनीति नै पेशा भएको छ । अझ राजनीति परिवार र आफन्तलाई जागिर खुवाउने प्लेटफर्म बनेको छ ।.... राजनीति आम नागरिकको पहुँचबाट टाढिएर सम्भ्रान्त वर्गको आयमूलक व्यवसाय बनेको छ ।.... राज्य दोहन गर्नु नै राजनीतिको धर्म बनेको छ ।".... वास्तवमा राजनीति उसको आदर्शबाट उभिण्डिएर विलासबर्द्धक र आकर्षक जागिर बनेको छ यस देशमा र यो चरित्र नै विकासक्रममा छ ।

यस्तो स्थितिमा लोक-सरोकारी कल्याणको कामको हकमा प्रदेश विभाजनले थप अपव्ययी 'आर्थिक घाँडो'-को भविष्य संकेत गरिरहेको छ । संघीयताको सिद्धान्त अनुकूल काम, यदि अन्य देशहरुका प्रान्तीय सरकारका अभ्यासहरुको भावभूमिमा हेरिनु हो भने, प्रदेश नं. २ ले मात्र गरिरहेको होला । प्रदेश नं. २ ले संघीय सिद्धान्त बमोजिम आफ्नो स्वतन्त्र अस्तित्वको रक्षा खातिर आवाज उठाउने जमर्को गर्दै आएको छ, चाहे ती आवाजहरुलाई मधेसमार्गी 'अचाडू भावना' ( Obstimate Sentiment)मान्ने मनोविज्ञानको वैशाखी टेकेर निष्प्रभावी बनाउने आधिकारिक मिच्याइँ भइरहेको किन नहोस् । प्रादेशिक अस्तित्वको स्वतन्त्रताको कोणबाट मूल्यांकन गर्दा २ नं. प्रदेशका बखत-बखतका निर्णयहरुले संघीय शासकीय सिद्धान्तको इमान्दार पक्षपोषक ठहर्छन् । हेर्ने दृष्टिकोणमा निहीत पूर्वाग्रहले मात्र त्यसलाई डेउढो ठानिइरहेको हुन सक्तछ ।

देश आज भ्रष्टाचारको भीषण दलदलमा चुर्लुम्म छ मात्र होइन राजनीति अपराधीकरण भएर अधोमुखी भइसकेको छ । सरकार र प्रतिपक्षका उपल्ला नेताहरु आ-आफ्ना पार्टीका निरन्तरको टेढीमेढी मिलाउनमै राज्यले तलब-भत्ता-सुविधामा किनेको 'देश र जनताका आधारभूत अपेक्षापूर्ति गर्न प्राप्त जनादेश'-को अमूल्य 'समय'-को अन्यायपूर्ण घनघोर अपव्यय गरिरहेका छन् । मियो बिनाको दाइँ गरेर राज्यको तिजोरी कोतारिरहेका छन् । राज्यका नीति-निर्माण गर्ने तह (संघीय संसद)-मा पुगेर 'माननीय' फेटा गुँथेका जनप्रतिनिधिहरु अधिक अधिकांशले जनताका विश्वासमाथि जोर लात्ती हान्दै 'बैठक भत्ता' प्राप्तिको प्रयोजनका लागि संसदको हाजिरी खातामा दस्तखत मात्र धस्काएर फरार हुने गरेकाले पटक-पटक (दिन्हौं ?) गणपूरक संख्या नपुगेर यो वर्तमानको सर्वव्यापी संकटकाल (!)-कै बैठक हुन नसकेका दुर्भाग्य भइरहेको छ । बडे-बडे योजनाका लैबरीको बतासे घोषणाले राज्य र जनतामाझ हिजोभन्दा गहिरा वैभिन्न्यका खाडल खनिरहेका छन् । निर्वाचनका बेला चन्दा चढाएर 'महंगी बढाउने स्वतन्त्रता' किनेका नाफाखोरहरु अभूतपूर्व तदारुक र सक्रिय भएकाले नागरिक जीवनले पानीबाट बगरमा फालिएको माछो बन्नु परिराखेको छ भने सरकारी अनुगमन केवल 'गमन' र खलनायकीय शैलीको अभिनयमा मात्र सीमित छ । कर-तिरो कार्यकारी वर्गका बढ्दो विलास र कमाउकान्ते अभिलाषाको अनुपातमा बढेर फणा फुकाई नागरिक तप्काका सामू विभीषक बन्दैछ । हत्या, बलात्कार, ठगी-छली धन्धाहरु शक्तिका संरक्षणमा धमाधम हुरीबाट आँधीमा रुपान्तरित हुँदैछन् । नेपालीको कहिल्यै नसुनेका र सरल मनहरु नै कहालिने घोटाला, घुस-कमिशनका सौदा-दलाली र राष्ट्रको भँडार लुटिएका घटना एकपछि अर्को चर्को हुँदै निर्लज्ज दृश्यमा आइरहेका छन् । र, एउटा घटनाको ढाकछोपमा अर्को घटना प्रस्तुत हुने उपरी खेलका अनुच्छेदमाथि अनुच्छेद थपिँदैछन् । नयाँले पुरानोलाई निष्तेज पार्ने चमत्कारपूर्ण गुरुयोजना बनेका बनेकै छन् भन्ने 'बुझ्नेस्तरका नेपाली' कसलाई थाहा छैन र ! यसै डाँवाडोलभित्र संघीयता कार्यान्वयनको परिकल्पना प्रदेश कित्ताको व्यवस्था र त्यसको अन्तर्य-कथा अल्मलिएको अवस्था अहिले शीर्ष शीर्षक बनेका व्यक्त-अव्यक्त अनुभूति मुखर छन् ।

झापा निर्वाचन क्षेत्र नं. ३ बाट निर्वाचित संघीय सांसद राजेन्द्र लिङदेनले हालको संघीय प्रणाली अन्तर्गत प्रादेशिक व्यवस्थामाथि हालै प्रत्यक्ष 'विषय प्रवेश' गराउनु भएको छ र राष्ट्रको संभावित भावी संकटका प्रति संवेदनशील देशभक्त नेपालीका अभ्यन्तरलाई त्यसले आप्लावित तुल्याएको छ । पूर्वाग्रहवश (?) सो दूरदर्शी राजनीतिक विचार प्रक्षेपणको उल्लेख्य विषय अरुहरु झैं खुल्ला बहसमा नआए पनि सचेत एवम् देशका प्रति आत्मनिवेदित नेपालीले प्रशंस्य विषयको औपचारिक उठान ठहर गरिरहेका छन् । राजनीति निर्दिष्ट अहिलेको शासकीय परिपाटी अपत्यारिलो बन्दै जानुले किंवा बोलीलाई व्यवहारमा रुपान्तर गर्ने लक्षणसम्म पनि नदेखिनुले उद्विग्न भइरहेको नेपाली मानसिकताले वर्तमानको अन्योल र अनिश्चयका रेशाहरु केलाइरहँदा अग्रपंक्तिमै प्रादेशिक व्यवस्थाको समग्रतामा महाभारत कथाको त्रिशंकु पुनरावृत्त भएको अनुभूत भइरहेको हो । सांसद लिङदेशको सो टिप्पणीले पाएको देशव्यापी महत्व उल्लेखित काराणहरुकै कारण हो । यी अक्षरहरु सोही निर्वाचन क्षेत्र अन्तर्गत लेखिइरहेकाले मात्र होइन, वस्तुतः भोलि देशले भारत बहनबाट क्लान्त भई सो व्यवस्था हटाउन बाध्य हुन पर्‍यो भने पुराना कम्यूनिस्ट नेता चित्रबहादुर के.सी.पछि सांसद राजेन्द्र लिङदेनलाई समसामयिक इतिहासले 'दूरदर्शी'करार गरयो भने अहिलेको एकाधिपत्यमा रमाइरहेको राज्य-प्राधिकरणले हीनताबोध गर्दै इतिहासको त्यो पन्नाले ताली पढ्काएर किन रोयो 'मङ्गले-आफ्नै ढङ्गले'-को लय हाल्दा कस्तो अनुभूत गर्ला ? हुन त यो 'राम ! राम !' भनाइ मात्र हो ।....

र, आजलाई यत्ति नै ! शेष फेरि–

# कोरोना त्रास, चमेरो र ओलीजीको तेस्रो जीवन



चिन्तामणि दाहाल

**कोरोना त्रास :**


अहिले विश्वमै चर्चित प्रसंग, छलफल, सम्भावित आर्थिक मन्दी, मन्दीबाट बच्ने उपायका बारेमा दिइने असंख्य सुझावहरु, ज्ञानको बाँडफाँड र आशा भनेको कोरोना भाइरसले दिएको अवस्था नै हो ।

सबै किसिमका सामाजिक सञ्जाल टेलिफोन र मोबाइलमा हुने कुराकानी, भेटघाटमा हुने बहस र छलफल, आधा समाचार, सुझाव, व्यंग्य, टुक्का, घरेलु र आयुर्वेदिक औषधि जस्ता सबै कुरा कोरोनाको वरीपरि केन्द्रित र प्रभावित छन् । कोरोना यति छोटो अवधिमा ग्लोबल हुनमा र त्रासको माध्यम बन्नुमा आमसञ्चारमाध्यमको महत्वपूर्ण भूमिका (राम्रो/नराम्रो) रहेको छ ।

कोरोना भाइरसले यतिमान्छे मरे, यति संक्रमित छन्, यति निको भए भनेर यो आलेखमा लेखेमा त्यो छापिएर आउँदासम्म तथ्यांक फरक भइसक्ने भएकाले त्यो तथ्यांक यस आलेखमा राख्नुको अर्थ छैन । त्यसैले राखेको छैन । मात्र के हो भने रुघाखोकी जस्तै लक्षण भएको कोरोना भाइरसले यति धेरै त्रास र तहल्का किन मच्चाइरहेको छ र अझै मच्चाउँदैछ भन्ने कुराको गुढ रहस्य भनेको हामीमा बाँच्ने चाह, म चाहिँ मर्नु हुँदैन भन्ने मनोविज्ञान र आफूलाई ज्ञानवान देखाउने प्रवृत्ति हावी भएकाले हो । नभए यस भाइरसबाट रुघाखोकीबाट जोगिए जस्तै जोगिने उपाय गर्ने हो भने कुनै त्रासमा बस्नु पर्दैन र तथाकथित मुखडाको अनावश्यक व्यापार पनि हुँदैन ।

त्यसैले कोरोना त्रास आवश्यकभन्दा बढी प्रचार नै हो । त्यसै पनि रोगप्रतिरोधी क्षमता कम भएकाहरुका लागि कोरोना आउनै पर्दैन । रुघाखोकी निको नभएरै निमोनिया भएर परमधाम भएकै छन् । त्यसैले कोरोनाको त्रासबाट मुक्त हुन रोगप्रतिरोधी खानकुराको सेवन, मासुजन्य पदार्थको मस्त पकाएर सेवन, मादक पदार्थबाट टाढा र संसर्गबाट टाढा भए पुग्छ भन्छन् जानिफकारहरु ।

पहिला सार्स पनि त्यस्तै थियो । जाडो घट्दै गएर गर्मी शुरु भएपछि कोरोना भाइरस कम हुँदै जान्छ भनिएको



छ । त्यसमाथि नेपालीहरु यसै पनि कोरोना पचाउने क्षमता राख्छन् । किनभने उनीहरु यतिधेरै धुलो, धुँवा र फोहोरमा अभ्यस्त छन् कि कोरोनाले पनि मुखडा लाएर नेपाल प्रवेश गर्नुपर्ने अवस्था छ । अझ काठमाडौंमा त त्यो पस्यो कि सखापै भइहाल्छ । कोरोनालाई यत्ति नै ।

**चमेरो :**

हामी मानवहरु आफूलाई बचाउन र मोजमज्जामा रम्न जे गर्दै आएका छौं, त्यसको प्रतिक्रिया हुन्, कोरोना भाइरस, सार्स, मेनेन्जाइटिस, जापानिज इन्सेफ्लाइटिस, डेंगु, क्यान्सर, टिबी आदि । तर, दोष भने पशुपन्छीलाई लाउँछौं । कोरोना भाइरस चमेरोले मानिसमा सारेको हो भनेर अहिले चमेरोको बदनाम गरिएको छ ।

त्यसअधिका रोगहरुमा कहिले सर्प, कहिले मुसा, कहिले उपियाँ, कहिले उडुस, कहिले कुखुरा र परेवा, सधैं जसो मच्छड आदि दोषका भागी गराइएका छन् । ती सबैबाट रोग सर्नुमा मानव नामक प्राणी कै भूमिका छ । दोष पशुपक्षीलाई दिनुभन्दा आफू सतर्क भएर बसे यस्ता महामारी आउँदैनन् । आइहाले आफैं भाग्छन् । त्यसकारण चमेरोलाई दोष दिएर हुँदैन । चमेरो संसारका सबै भागमा पाइन्छ । अझ नेपालको पोखराका गुफाहरु चमेरोका स्वर्ग नै हुन् । तर, त्यहाँ अहिलेसम्म कोरोना पुगेको छैन । कोरोना के बाट फैलिएको हो भन्ने टुंगो लागेको छैन । अनुमान विभिन्न छन् । त्यसकारण चमेरोलाई त्यसै भाइरल बनाइएको हो जस्तो लाग्छ ।

**ओलीजीको तेस्रो जन्म :**

प्रधामन्त्री केपी शर्मा ओली अहिले तेस्रो जीवन बाँच्ने प्रयासमा छन् । उनलाई यसमा सफलता मिलोस् हार्दिक शुभकामना शुभभावना । ओली जी जस्तै अरु नेपालका मृगौला पीडितहरुले तेस्रो जीवन नपाए पनि कमसेकम दोश्रो जीवन पाउने स्वास्थ्य अवस्था अबको तेस्रो जीवन बाँचेका ओलीजीले गरुन् ।

ओलीजीलाई तेस्रो जीवन दिने समीक्षा बहिनी धन्यवादकी पात्र हुन् । उनलाई पंक्तिकार नमन गर्छ । तर, समीक्षाको अबको जीवन चुनौतिपूर्ण हुन्छ । उनको अबको जीवनका लागि ओलीजीले व्यक्तिगत तर्फबाट र प्रधानमन्त्री तथा देशका ठूला नेता बचाए वापत राज्यका तर्फबाट सुविधा पाउने व्यवस्था गरिनुपर्छ । पहिलेकी दाता ओलीजीकी बुहारीले के पाइन र पाइनन् थाहा छैन । तर, अब भान्जीको जीवन सुखी हुनुपर्छ ।

पहिलो जीवनमा ओलीजीले संघर्ष र त्याग गरे । दोस्रो जीवनमा देशका लागि केही गरे । आफ्नो दललाई जनताको समर्थन जुटाएर शक्तिशाली बनाए । स्थिर शासन दिइरहेका छन् भने तेस्रो जीवनमा उनले देशका लागि र सबै जनताका लागि महत्वपूर्ण कार्य गर्नुपर्छ । उनले दोस्रो जीवनमा देखाएका सपना तेस्रो जीवनमा पूरा गरे भने समीक्षाको बलिदान खेर जाँदैन ।

# कनकाईकी शान्तालाई 'उत्कृष्ट नारी सम्मान'



**झापा, फागुन २८।** काष्ठमाण्डप रोटरी क्लबले झापाकी महिला समाजसेवी भागिरथा चापागाईं (शान्ता)सहित तीन जनालाई सम्मान गरेको छ ।

अन्तर्राष्ट्रिय नारी दिवसको अवसर पारेर शान्तासहित काठमाडौंकी रिता राई र अनिता बज्राचार्यलाई सम्मान गरेको हो । झापा कनकाई नगरपालिकाकी शान्ता बौद्धिक अपाङ्गता भएका बालबालिकाको हकहित र अधिकार संरक्षणको लडाइँमा १५ वर्षदेखि क्रियाशील छिन् । उनी सुस्त मनस्थिति सरोकार समाज नेपालकी अध्यक्ष हुन् । कनकाई नगरपालिकामा अहिले संस्थाले बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुलाई आश्रय दिइरहेको छ ।

राई अनाथ बालबालिका र बज्राचार्य अटिजम भएका बालबालिकाको पक्षमा क्रियाशील छन् । सम्मान प्राप्त गरेपछि समाजसेवाको बाटोमा थप क्रियाशील भएर हिँड्न प्रेरणा मिलेको शान्ताले बताइन् ।

विगत दश वर्षदेखि समाजमा पृथक काम गरेर फरक छाप बनाएका प्रेरणादायी महिलालाई संस्थाले सम्मान गर्दै आएको रोटरी क्लबका निराजन भट्टराईले बताए । उनका अनुसार वर्षेनि नेपालभरिबाट उत्कृष्ट नारी छानेर पुरस्कृत गरिँदै आएको छ ।

क्लबका पास्ट प्रेसिडेन्ट प्रदीप श्रेष्ठ, फस्ट लेडी प्रिती थापा, पास्ट फस्ट लेडी उषा श्रेष्ठ, कोषाध्यक्ष कोषाध्यक्ष सोफी उपाध्याय, आईभीपी सञ्जिव रिजाल लगायतले सम्मानित त्रयलाई प्रमाण पत्र, खादा लगायत प्रदान गरेका थिए ।

# 'बचत रकम किरात भवन निर्माणमा'



**भद्रपुर, फागुन २८।** विभिन्न संघ-संस्थाले मेला, महोत्सव, सांस्कृतिक तथा धार्मिक कार्यक्रम आयोजना गरे पनि समयमै हिसाबकिताब सार्वजनिक गर्दैन ।

गरे पनि लामो समय लगाउँछ । यस्तो अवस्थामा भद्रपुरस्थित किरात कल्याण समितिले आयोजना गरेको ऐतिहासिक किरात महोत्सव सकिएको तीन दिनभित्रै हिसाबकिताब सार्वजनिक गरेर समाजमै प्रशंसायोग्य उदाहरण पेश गरेको छ । समितिद्वारा आयोजित महोत्सवमा २० लाख ६८ हजार दुई सय रुपैयाँ संकलन भएको जनाएको छ ।

समितिले पत्रकार सम्मेलन मार्फत १९ लाख २४ हजार चार सय १० खर्च तथा २० लाख ६८ हजार दुई सय रुपैयाँ आम्दानी भएको विवरण सार्वजनिक गरेको हो । गत माघ २५ गतेदेखि फागुन २४ गतेसम्म भद्रपुर- ८ स्थित किरात कोलोनीमा महोत्सव सञ्चालन भएको थियो ।

समितिकी कोषाध्यक्ष मञ्जु सुब्बाका अनुसार २९ दिनसम्म चलेको महोत्सवमा हाउजी खेलबाट १९ लाख २८ हजार दुई सय तथा मेलाभित्रका रमाइलो खेलहरूबाट एक लाख ४० हजार रुपैयाँ आम्दानी भएको थियो । जसमा मनोरञ्जनात्मक कार्यक्रमका लागि राष्ट्रिय तथा स्थानीय कलाकारलाई पारिश्रमिक बापत १६ लाख ८८ हजार ६० रुपैयाँ खर्च भयो भने पण्डाल, स्टेज, चियापान र कलाकार होटल खर्च तथा विविध गरी २ लाख ३६ हजार तीन सय ५० खर्च भएको थियो । महोत्सवबाट खर्च कटाएर १ लाख ४३ हजार सात सय ९० रुपैयाँ बचत भएको छ ।

बचत रकम निर्माणाधीन किरात भवन निर्माणमा खर्च गरिने किरात कल्याण समितिका सदस्य तथा भद्रपुर ८ का वडाध्यक्ष गौरव सुब्बा मनोजले जानकारी दिए । महोत्सवलाई कोरोना भाइरसको त्रास, र हावा पानीले प्रभाव पारेको महोत्सव संयोजक डिगबहादुर सुब्बाले बताए । लक्ष्यभन्दा कम रकम उठेको यस महोत्सवलाई कोरोना भाइरसको त्रासले नकारात्मक प्रभाव परेपछि प्रशासनको अनुरोधमा रोकिएको उनले जनाए ।

समितिले भवन निर्माण तथा आफ्नो कला संस्कृतिको जगेर्नाका निम्ति प्रत्येक वर्ष किरातहरूको मुख्य चाड उधौलीको अवसर पारेर किरात कोलोनीमा भव्यताका साथ महोत्सव सञ्चालन गर्दै आइरहेको छ । दुई कट्ठा  दुई धुर जग्गा खरिद गरी एक करोड ३० लाख रुपैयाँको लागतमा निर्माणाधीन दुईतले किरात सामुदायिक भवनलाई निरन्तरता दिन महोत्सव सञ्चालन गरिएको जनाइएको छ ।

# एनएमबी बैंकद्वारा बीमा दाबी भुक्तानी

**झापा, फागुन २८।** एनएमबी बैंकको चुलाचुली शाखामा 'एनएमबी तलब खाता' खोलेर कारोबार गर्दै आएका चुलाचुली गाउँपालिकाका कर्मचारी जगतबहादुर कोइरालाको परिवारलाई बीमा रकम प्रदान गरिएको छ ।

दुर्घटनामा परी मृत्यु भएका कोइरालाले पाउने ८८ हजार सात सय २५ रुपैयाँ उनकी श्रीमती गीता खत्रीलाई हस्तान्तरण गरिएको हो । बैंकका चुलाचुली शाखा प्रमुख तारानाथ घिमिरेले लोकसेवा आयोग इलाम शाखाका नायव सुब्बा नवीन कार्कीको रोहवरमा स्व. कोइरालाको परिवारलाई बीमावापतको रकम हस्तान्तरण गरेका हुन् ।

बैंकको उक्त खाता योजनामा शून्य मौज्दातमै नेपालभरि पैसा झिक्दा अतिरिक्त शुल्क नलाग्ने डिलाइट एटिएमका साथै सात लाखसम्मको दुर्घटना बीमा प्रदान गर्दै आइरहेको छ ।




बैंकले सबै क्षेत्र र वर्गसम्म बैंकिङ्ग सेवाको पहुँच पुऱ्याउने उद्देश्यले बिभिन्न स्थानमा शाखा, बिस्तारित सेवा तथा शाखारहित बैंकिङ्ग सेवामार्फत आफ्ना ग्राहक माझ सेवा पुऱ्याउँदै आइरहेको छ । बैंकले एक सय ६४ शाखा, एक सय ३१ एटिएम, पाँच बिस्तारित सेवा मार्फत ग्राहकलाई सेवा प्रदान गर्दै आइरहेको छ ।

# नहरमा हामफालेपछि...

**सुनसरी, फागुन २८।** भारत मोतिहारी जिल्ला घर भई बराह क्षेत्र १ मामा घर बस्दै आएकी १६ बर्षीया  काजल साह मृत अवस्थामा फेला परेकी छिन् ।

मामा सन्तोष साहको घरमा बस्दै आएकी काजल चतरा नहरमा गई हामफालेको भनी इलाका प्रहरी कार्यालय चतरामा खबर प्राप्त हुना साथ इलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट समेतको प्रहरी टोलीले स्थानीयको सहयोगमा खोजी गर्ने क्रममा चतरा नहरमा काजलको शव फेला परेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।

घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको उक्त कार्यालयले जनाएको छ ।

# रोङमा आधारभूत स्वास्थ्यकेन्द्र स्थापना



**रोङ, फागुन २८।** रोङ गाउँपालिकाको छ वटै वडाहरुमा आधारभूत स्वास्थ्य केन्द्रको स्थापना भएको छ ।

चारवटा वडाहरुमा स्वास्थ्य चौकी रहे पनि वडा नं. ४ र वडा नं. २ मा स्वास्थ्य केन्द्र नभएकाका कारण स्थानीयबासीहरुले सेवा पाइरहेका थिएनन् । स्थानीयबासीलाई स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले वडा नं २ को धनसारमा र वडा नं. ४ को जोरकलसमा आधारभूत स्वास्थ्य सेवा केन्द्रको स्थापना गरिएको हो ।

स्थापना सँगै रोङ- २ को धनसारबाट दुईजना बिरामीको स्वास्थ्य परीक्षण गरी स्वास्थ्य सेवा शुरु गरिएको  थियो । अहिलेलाई भाडाको घरबाट सेवा थालिएको भए पनि स्वास्थ्य केन्द्र निमार्णको लागि धनसारमा भीमबहादुर राई, राम पैसाल राई र वीरबहादुर राईले तीन रोपनी जग्गा दान गरेका थिए ।

३८ लाखको लागतमा भवन निर्माणको काम शुरु हुने प्रक्रियामा रहेको वडा नं. २ का वडाध्यक्ष टेकबहादुर तामाङले बताए । यता वडा नं. ४ को किटेनिमा जग्गा प्राप्ति भई सकेको र भवन निर्माण नभइञ्जेललाई पर्यटन सूचना केन्द्र जोरकलशबाट सेवा प्रदान गरिने भएको रोङ स्वास्थ्य शाखा प्रमुख नेत्र पोखरेलले बताए ।

एक अहेव, एक अनमी र एक कार्यालय सहयोगीले सेवा प्रदान गरिने व्यवस्था रहेको आधारभूत स्वास्थ्य सेवा केन्द्रसहित रोङमा एक सामुदायिक स्वास्थ्य इकाइसहित सात वटा स्वास्थ्य केन्द्रबाट सेवा सुचारु भएको बताइएको छ ।

# अटो दुर्घटनाबाट मृत्यु

**झापा, फागुन २८।** झापाको दमक-९ का ६१ बर्षीय उमबहादुर मगरको अटो दुर्घटनामा परी मृत्यु भएको छ ।

दमक-५ हरिओम कोलेनी छेउ भित्री सडकखण्डमा उत्तरबाट दक्षिणतर्फ आउँदै गरेको मे १ ह ६५४४ नम्बरको अटो आफै अनियन्त्रित भई दुर्घटना हुँदा अटोमा सवार रहेका मगर घाइते भएका थिए ।

उनलाई लाइफ लाइन अस्पताल दमकमा उपचारकै क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

अटो र अटो चालक दमक-२ का दिप मगर इलाका प्रहरी कार्यालय दमकको नियन्त्रणमा रहेको उक्त कार्यालयले जनाएको छ ।



## हिजोको सूनचाँदीको भाऊ

छापावाला सुन : ८२,८००।-
तेजावी सुन : ८२,५००।-
असल चाँदी : ८९५।-

## कोरियन भाषामा विशेष छुट


दक्ष शिक्षकद्वारा सस्तो दरमा ग्यारेन्टिका साथ पठनपाठन धमाधम भइरहेको छ । साथै चैत १५ देखि Trail Exam हरु पनि सञ्चालन गराईंदैछ । चाडै सम्पर्क गर्नुहोला ।
**Divine Int'l Acadamy (Dia)**
Birtamode 023-543821, 9823714550
अन्धुवा खोला छेउ अतिथि सदन जाने बाटोको छेउमा ।

## उज्यालो यातायात प्रा.लि.



९८६०३६२५३५
९८१४०८८५९६
बिर्तामोड, फिदिम, ताप्लेजुङ, हेटौडा, नारायणघाट, काठमाडौं, कोहलपुर, धनगढी, नेपालगञ्ज, महेन्द्रनगर, सुर्खेत, बाग्लुङ, भैरवा, पोखरा, बुटवल, लुम्बिनी, नेपालको जुनसुकै ठाउं जानको लागि सम्झनुहोस् ।

## पाथीभरा सिने प्लाजा बिर्तामोडमा चलिरहेछ



| (हल ए) हिन्दी सिनेमा | (हल बी) नेपाली सिनेमा |
| --- | --- |
| पहिलो शो ११:४५ **Baaghi-3** | पहिलो शो ११:४५ **Baaghi-3** |
| दोस्रो शो २:४५ **Baaghi-3** | दोस्रो शो २:४५ **Baaghi-3** |
| तेस्रो शो ६:४५ **Baaghi-3** | तेस्रो शो ६:४० सुभव मंगल ज्यादा साधावन हिन्दी |

बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ ।
(फोन नं. ०२३-५४६४३६)

## अर्जुनधारा यातायात प्रा. लि.द्वारा सञ्चालित झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।

दानावारी, महमाई, लारुम्बा, रविसम्म गाडी छुट्ने समयः
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५,
बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७
काउण्टर इञ्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई

## हाड जोर्नी नशका बिरामीलाई सुवर्ण अवसर

काठमाडौका बिशेषज्ञ बिर्तामोडमा

स्पार्क पूर्वाञ्चल अस्पतालको छैठौ बार्षिकोत्सवको अवसरमा स्पार्क अस्पताल काठमाडौ तथा काठमाडौ न्यूरो अस्पतालका **बरिष्ठ डाक्टर अनिल कुमार महतो** यही चैत्र १ गते शनिबार स्पार्क पुर्वाञ्चल अस्पताल बिर्तामोडमा आउँदै हुनुहन्छ । आफ्नो समस्या जाँच गराई मौकाको फाइदा लिनुहोस् ।

**जाँच हुने समस्याहरु :**
- ढाड, कम्मर, गर्दन, घुँडा, जोर्नीहरु दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको
- शरीर झमझमाउने, लाटो हुने, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)
समय : बिहान ८:०० देखि ३:००

## काठमाडौका डाक्टरद्वारा निःशुल्क स्वास्थ्य परीक्षण

यही चैत्र २ गते आइतबारका दिन काठमाडौंबाट आउनुहुने पाइल्स, फिसर, फिस्टुला रोगका अनुभवी आयुर्वेद डा.राजकुमार शाह र हाडजोर्नी, नशा तथा प्यारालाइसिसका अनुभवी फिजियोथेरापिस्ट डा.भगवान शाहद्वारा निःशुल्क स्वास्थ्य जाँच गरिने भएकोले यथाशीघ्र नाम टिपाइ मौकाको फाइदा उठाउनुहोस् ।

**उपचार हुने समस्याहरु :-**
ग्यास्ट्रीक, कब्जियत, सुगर, प्रेसर, खोकी, पिनास, थाइराइड, कोलेस्ट्रोल, मृगौलाको पत्थरी, छातीको दाग, महिला तथा पुरुषका गुप्त रोग, एलर्जी, पोतो, डण्डीफोर, माइग्रेन, अनिद्रा, बाथ, युरिक एसिड, कम्मर र गर्दन दुख्ने, घुडा जोर्नी दुख्ने, नशा च्यापिएको, हड्डी खिइएको, शरीर झम्झमाउने, मुख बाङ्गिएको, कुम जाम भएको आदि ।

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३

# वर्गीकृत विज्ञापन

## कर्मचारी आवश्यकता

Math/English Teacher: ४ जना
Math/Seince Teacher: ४ जना
सहकारीको लागि महिला/पुरुष १० जना
कुक : ७ जना (बिर्तामोड, इलाम, काँकरभिट्टा)
वेटर : ११ जना (बिर्तामोड, इलाम, फिक्कल)
हाउसकिपिङ : ६ जना (बिर्तामोड, इलाम)
क्लिनरः ८ जना (बिर्तामोड, इलाम, काँकरभिट्टा)
घरमा काम गर्ने : ४ जना (महिला)
**नेपाल जब्स केयर सर्भिस प्रा.लि.**
बिर्तामोड : ०२३-५४६६८३/९८२६९२०००१
इलामः ०२७-५२०१४०/९८२६९२०००२

## टाटा सुमो गाडी भाडामा चाहिएमा

बितामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला ।
**मो.९८१५९५२४९९ ९८४१३२१४६४**

## छापाखाना

बिभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ
फोटोकपि, स्टाम (छाप), अफसेट प्रिन्ट, स्क्रीन प्रिन्ट, फ्लेक्स प्रिन्ट, होर्डिङ बोर्ड, लेमिनेशन, डिजिटल प्रिन्ट
घिमिरे अफसेट प्रेस बिर्तामोडमा

## सेक्यूरिटी गार्ड आवश्यकता

झापाको झिलझिले, दमक, बिर्तामोड, काँकरभिट्टा एरियाका लागि २० जना महिला तथा पुरुष सेक्युरिटी गार्ड चाहियो । भूपू प्रहरी तथा सेनालाई ग्राह्यता ।
**तलब : आपसी समझदारीमा**
*भरपर्दो सुरक्षा गार्ड सेवाका लागि सेक्टर वान सेक्युरिटी सर्भिस, बिर्तामोड झापालाई सम्झनुहोस् ।*
सम्पर्कः ९८२४९८२२९६, ९८२३७३८६७१
(Email: kvvservices@gmail.com)

## आवश्यकता

सेक्युरिटी गार्डः- ४० जना (महिला/पुरुष)
*यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ ।*
**सेभेन स्टार सेक्यरिटी सर्भिस प्रा.लि.** बिर्तामोड भद्रपुररोड
फोनः ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

## सेक्युरिटी गार्डको आवश्यकता

पुरुष/महिला संख्याः २५
*सेक्युरिटी/फायर/फस्टएड सम्बन्धी फ्रि तालिम*
**इन्टर सर्भ सेक्यूरिटी ग्रुप प्रा.लि.**
*प्रधान कार्यालय अन्नपूर्ण चोक बिर्तामोड, झापा*
फोनः ०२३-५४५७८२, ९८०६०६१७००, ९८४४६८६९७०, ९८०६०७५६७८

## On Line Food Delivery

बिर्तामोड मुक्तिचोकबाट ५ कि.मि. एरियाभित्र घर बसी-बसी खानाको आनन्द लिन मन भएमा हामीलाई सम्झनुहोस् । अनलाई वा फोनबाट अर्डर टिपाउन सकिनेछ ।
सम्पर्कः ९८०७९३९०९७/९८४८५३३१३८
फेसबुक पेज : *Food station kankai road Birthamode*

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्रर्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट्ट फोट झट्ट सेवा'
सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।
सम्पर्कः ९८२४९८११७४, ९८४४६४७०६७, ९८०६०८३८७६, ९८६२६४८२८२

## पत्रिका समयमा पाउनु भएको छैन ?

मो. ९८०७९१०२२२ पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस् ।




ज्यो. मधुसुदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** फाइदाका लागि परिस्थितिसँग सम्झौता गर्नुपर्ने हुन सक्छ । तापनि बुद्धि लगाउँदा लक्ष्य पहिल्याउन सकिनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** रोकिएका काममा दोहोऱ्याएर प्रयत्न गर्नुपर्ला । दिउँसोदेखि घरेलु काममा जुट्नुपर्ने आवश्यकता पर्नेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** पहिलेका सहयोगीहरू प्रतिस्पर्धामा उत्रिन सक्छन् । ईर्ष्यालु मन भएकाहरूले सताउनेछन् । आफन्त र साथीभाइसँग सन्तुलित व्यवहार गर्नुपर्ला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** आत्तिने बानीले बोलीको गलत अर्थ लाग्न सक्छ । हातमा आएको रकम अरूका लागि खर्चनुपर्ला । लेनदेनमा होसियारी अपनाउनुपर्ला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** अध्ययनमा त्यति समय दिन नसकिए पनि अभिव्यक्ति तथा लेखनकलामा निखारता आउनेछ । मध्याह्नदेखि चुनौती चिर्दै काम बनाउन सकिनेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** द्वेष तथा इर्ष्या गर्नेहरूले हार खानेछन् । स्वास्थ्य सबल रहनेछ भने पराक्रमद्वारा अधिकार स्थापित गर्न सकिनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** खानपानको सोखले स्वास्थ्य प्रतिकूल बन्न सक्छ । विशेष अवसरका साथ केही चुनौति पनि देखा पर्नेछन् ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** प्रयत्न गर्दा भइपरी आउने समस्या समाधान हुनेछन् । रमाइलो जमघटको आनन्द प्राप्त हुनेछ । पहिलेको सफलताले हौसला जगाउनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् । धन तथा ज्ञानको भण्डार बढ्नेछ भने जीवनशैली आनन्दमय रहनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** व्यवसायमा लगानी बढाउने समय छ। आकस्मिक खर्च बढ्नेछ । तर, आवश्यक पर्दा सरसापट वा कर्जामार्फत धन जुट्नेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** लामो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । टाढाका साथीभाइसँग सम्पर्क बढ्नेछ । मध्याह्नदेखि मेहनतले आत्मविश्वास बढाउनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** तारिफयोग्य काम सम्पादन हुनाले प्रशंसकहरू बढ्नेछन् । पारिवारिक जमघटले मन आनन्दित हुनेछ ।

# बिहीबारेका शिवराजले बनाए ड्रिम कार



□ विनोद पाण्डे

**चारपाने, फागुन २८।** 'धन हुनेसँग बुद्धी हुँदैन, बुद्धी हुनेसँग धन' भन्ने उखान पनि छ। झट्ट हेरेको भरमा कुनै पनि मानिसलाई साधारण ठान्नु हुँदैन किनकि ऊ बाहिर हेर्दा सामान्य देखिए पनि ऊ भित्र असामान्य प्रतिभा रहेको पनि हुन सक्छ।

त्यस्तै झापाको बाह्रदशी गाउँपलिका वडा नं. ६ स्थित बाह्रदशी बिहीबारे बजारका शिवराज लिम्बू झट्ट हेर्दा सामान्य मानिस देखिन्छन्, देखिनु मात्र होइन उनी आर्थिक हिसाबले विपन्न वर्गका व्यक्ति हुन्, उनको दैनिकी अरुकोमा ज्याला मजदुरी गरेर चल्नुपर्ने अवस्था छ। गरिबी र उनको एक पाटो हो भने अर्कोपाटोमा उनी धेरै धनी व्यक्ति पनि हुन्, उनी यसकारण धनी हुन् उनीसँग बुद्धी र काम गर्ने लगनशिलता छ।

बिहिबारे बजारकै पञ्चमणी स्कूलमा कक्षा ८ सम्म अध्ययन पूरा गरी १२ कक्षासम्मको अध्ययनका लागि आदर्श विद्या मन्दिर माध्यमिक विद्यालय घैलाडुब्बासम्म धाएका शिवराज यतिबेला आफ्नो अध्ययनलाई थाती राखेर कक्षा ८ पढ्दादेखि नै देखेको कार बनाउने सपना पूरा गर्न लागीपरेका छन्।

(ड्रिम) नाम दिएको उक्त कार निमार्ण कार्यको अन्तिम चरणमा पुगेको छ। विभिन्न कवाडी दोकानबाट खरिद र बाटोमा छोडिएका सामानहरु संकलन गरेर उनले सुन्दर डिजाइनको कार तयार पारेका छन्।

मोटरसाइकलको इञ्जिन जडान गरेर बनाइएको कारका आधारभूत सबै सुविधाहरु कारमा जडान गरिएको छ । प्रति घण्टा ७० देखि ८० किलोमिटरसम्म कुदाउन सकिने उक्त कारमा पाँच लिटरको पेट्रोल ट्याङ्की बनाइएको छ। प्रतिलिटर ३० देखि ४० किलोमिटरसम्म चल्ने बताइएको छ।

औपचारिक रुपमा कारको अनारण हुन बाँकी छ। रंग रोकनको काम पनि बाँकी नै रहेकोले अबको केही समयमा सार्वजनिक स्थलमा कार कुदाएर देखाउने शिवराजले बताए।

घरको आर्थिक अवस्था अत्यन्तै कमजोर भएका कारण उनले समयमै ड्रिम कार तयार पार्न नसकेको बताए। गाउँघरमा मेलापात मजदुरी गरेर कमाएको पैसाले स्थानीय गृल दोकानमा फलाम खरिद लगायतका काम गर्दा सकिएपछि इञ्जिन जडानका लागि खर्च अभाव भएपछि काठमाडौंमा मजदुरी गर्न गएको उनी बताउँछन्। उनले चुनीखेल बालुवा खानीमा थुन्चेमा बालुवा बोकेर कमाएर जम्मा गरेको पैसाले पुरानो मोटरसाइकलको इञ्जिन किनेर त्यही इञ्जिन कारमा जडान गरिएको बताए।

करिब तीन लाख ८० हजार खर्चमा तयार हुन लागेको आधुनिक डिजाइनको कारलाई नेपाल सरकारले व्यावसायिक रुपमा निर्माण गर्ने हो भने विदेशी कारको बिक्री नेपालमा घट्ने सम्भावना निश्चित छ।

ड्रिम कार हेर्दा राम्रो त छदैछ सुविधायुक्त पनि उत्तिकै रहेको छ। तीन बर्ष लगाएर तयार पारिएको कारलाई आफ्नो छोराको रुपमा माया गर्ने गरेका छन् शिवराजले। उनको यो मेहनत र लगनशिलताको बारेमा सामाजिक सञ्जालहरुमा आउन थालेपछि हालै राष्ट्रिय अनुसन्धान केन्द्रका महावीर पुनले फोन सम्पर्क गरेर धन्यवाद दिँदै साथ सहयोग गर्ने बचन दिएको युवा वैज्ञानिक शिवराजल बताएका छन्।

# रंगशाला निर्माण धमाधम


□ युद्धबहादुर बोहोरा

**पाँचथर, फागुन २८।** फाक्तेप युथ क्लब (पिवाइसी) को पहलमा फाल्गुनन्द-५, सिङ्हाङ्मा रहेको पिवाइसी वीरइन्द्र रंगशालाको निर्माण कार्य धमाधम भइरहेको छ।

पूर्वी पहाडको नमूना रंगशाला निर्माण गर्ने उद्देश्यले २५ रोपनी क्षेत्रफलमा सुविधासम्पन्न रंगशाला निर्माण शुरु गरिएको हो। भौतिक पूर्वाधार तथा यातायात मन्त्री बसन्तकुमार नेम्वाङको सांसद विकास कोष मार्फत १५ लाख र वडा कार्यालयबाट दुई लाख गरी जम्मा १७ लाख रुपैयाँको लगानीबाट रंगशाला निर्माणको काम थालिएको क्लब तथा निर्माण उपभोक्ता समिति अध्यक्ष पञ्चकुमार चेम्जोङले जानकारी दिए।

प्रारम्भिक निर्माणको लागि मुकुम्लुङ्ग कन्स्ट्रक्सन प्रालि एलएमबी निर्माण सेवाले जिम्मा लिएको र रंगशाला निर्माणको काम अन्तिम चरणमा पुगेको चेम्जोङले जानकारी दिए। आगामी १५ वर्षसम्ममा ग्रामीण क्षेत्रको अत्याधुनिक सुविधासहितको रंगशाला तयार गर्न जम्मा ४५ रोपनी जग्गाको र करिब २० करोड लगानी लाग्ने डिपीआर तथा प्राविधिक पक्षको अनुमान गरेको निर्माण समितिका सचिव भीमप्रसाद चेम्जोङले बताए।

रंगशालाको शिलान्यास गत मंसीर ७ गते १



नम्बर प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री इन्द्रबहादुर आङ्बो 'मौसम'ले गरेका थिए। शिलान्यास कार्यक्रममा उनले रंगशालालाई आवश्यक बजेट प्रदेश तथा संघीय सरकारबाट उपलब्ध गराउन पहल गर्ने प्रतिबद्धता समेत गरेका थिए।

# कम्युनिष्ट आन्दोलन बुझ्ने पाठशाला बन्दै सालवारी



**बिर्तामोड, फागुन २८।** झापा किसान बिद्रोहमा जीवन बलिदान गरेका पाँच शहीद वीरेन राजवंशी, रामनाथ दाहाल, नेत्र घिमिरे, कृष्ण कुइँकेल र नारायण श्रेष्ठको पूर्णकदको प्रतिमा निर्माण गरिएपछि अर्जुनधाराको सालवारी कम्युनिष्टहरुको इतिहास बुझ्ने पाठशालाका रुपमा समेत विकसित हुँदै गएको छ।

प्रतिमा स्थापना गरिएका पाँचैजना शहीदलाई २०२९ साल फागुन २१ गते झापाबाट इलाम जेल सार्ने निहुँमा सुखानी जंगलमा लगेर गोली हानी हत्या गरेको इतिहास पर्यटकलाई बुझाउन थालेसँगै सालवारी कम्युनिष्टहरुको इतिहास बुझ्ने पाठशालाको रुपमा विकास हुन थालेको हो। केही समय अघिसम्म सुखानी शहीद स्मृति उद्यान पर्यटकका लागि आकर्षक गन्तव्य मात्र थियो।

प्रदेश नम्वर १का प्रमुख सोमनाथ अधिकारी 'प्यासी'ले प्रदेश प्रमुख भएलगत्तै सालबारी आएर पाँच शहीदलाई श्रद्धाञ्जलि अपर्ण गर्दै उनीहरुको योगदानको स्मरण गरेका थिए। उनी मात्र होइन कम्युनिष्ट विचारधारा बोक्ने जो कोही पनि एकपटक सुखानी र सालवारी आउने गरेको १ नम्वर प्रदेश सभा सदस्य बृख प्रधानले बताए। हरेक वर्ष सुखानीमा फागुन २१ गते शहीदको स्मरण गर्दै नेकपाले श्रद्धाञ्जलिसभाको आयोजना गर्दै आएको छ। जहाँ नेकपाका शीर्ष नेता तथा कार्यकर्ताको सहभागिता रहन्छ। सुखानी आएका सबै शीर्ष नेता सालवारी आएका कारण सालवारीले अहिले मुहार फेरेको छ।

केही वर्षअघि पाँच शहीदको पूर्णकदको शालिक निर्माण गर्दै सुखानी शहीद स्मृति प्रतिष्ठानले सालवारीलाई व्यवस्थित गरेसँगै पर्यटकीय केन्द्रका रुपमा चिनिएको सालवारी विस्तारै राजनीतिक केन्द्रकै थलो बन्दै गएको हो।

साविक मेची अञ्चलको मुख्य व्यापारिक क्षेत्र बिर्तामोड नजिकै रहेको यो क्षेत्र शान्त, मनोरम र शीतल भएकाले गर्मीको समयमा पर्यटकको चहलपहल बढ्ने गर्छ। २६ हेक्टर क्षेत्रफलमा फैलिएको यो उद्यानमा पोखरी, पार्क र लोप हुन लागेका कछुवासहितका वन्यजन्तु संरक्षण गरी राखिएका छन्।

पञ्चायतकालमा भएको आन्दोलनका क्रममा ज्यानको आहुति दिएका शहीदको स्मृतिलाई ताजा राख्न उद्यान स्थापना भए पनि पर्यटकीय क्षेत्रका रूपमा विकास भएको र कम्युनिष्टहरुको राजनीति बताउन सक्ने थलो भएको सुखानी शहीद स्मृति प्रतिष्ठानका पार्क व्यवस्थापन समिति अध्यक्ष टंक वराल बताउँछन्। उनी भन्छन्- कम्युनिष्ट आन्दोलन झापाबाट शुरु भएको हो। लामो संघर्षबाट अहिले मुलुक नयाँ मोडमा पुगेको छ, त्यसको श्रेय पाँच शहीदलाई जाने भएकाले पनि यो ठाउँ महत्वपूर्ण बन्यो।

किसान विद्रोहका रुपमा परिचित कम्युनिष्टहरुको आन्दोलनका अगुवा केपी शर्मा ओली पनि सहभागी भएका कारण सुखानी र सालवारीको महत्व अझ बढेर गएको हो। अहिले उद्यानको मध्यभागमा रहेको अढाई हेक्टर क्षेत्रफलको प्राकृतिक तलाउ पर्यटकका लागि मुख्य आकर्षण रहेको प्रधानको भनाइ छ। व्यवस्थापन समितिले तलाउमा पर्यटकलाई शयर गराउन चारवटा पाइडल डुंगाको व्यवस्था गरेको छ। प्राकृतिक वातावरणले भरिपूर्ण उद्यान भएकाले वनभोज खान, घुमफिर गर्न, तलाउमा डुंगा शयर गर्न आउनेको भीड लाग्ने गरेको छ।

# बिर्तामोडमा गुहेश्वरी मर्चेण्ट बैंक



**बिर्तामोड, फागुन २८।** झापाको बिर्तामोडमा बुधबारदेखि गुहेश्वरी मर्चेण्ट बैकिङ्ग एण्ड फाइनान्स लिमिटेड सञ्चालनमा आएको छ।

ललितपुरमा मुख्य कार्यालय रहेको बैंकले १८औं शाखाको रुपमा बिर्तामोडमा शाखा कार्यालय सञ्चालनमा ल्याएको हो। बिर्तामोड शाखाको उद्घाटन बिर्तामोड उद्योग वाणिज्य संघ अध्यक्ष कुमार भट्टराईले गरेका थिए। उनले पूर्वको व्यापारिक केन्द्रको रुपमा परिचित बिर्तामोडमा गुहेश्वरी मर्चेण्ट बैकिङ्ग एण्ड फाइनान्स लिमिटेडले शाखा स्थापना गरेकोमा खुशी व्यक्त गर्दै बैंकले नाफामुखीभन्दा सेवामुखी कार्य गर्नुपर्ने बताए।

बैंकका बिर्तामोड शाखा प्रवन्धक जीवन राईले ग्राहकहरुलाई बिर्तामोड शाखाबाट नौ प्रकारका बचत खाता, १५ प्रकारका कर्जा, मुद्दती, १५ प्रकारका रेमिट्यान्स सेवा, वित्तीय जमानी, मर्चेण्ट बैकिङ्ग सेवा, इन्टरनेट, एसएमएस, मोबाइल बैकिङ्ग सेवा, निःशुल्क एटीएम, डेबिट कार्ड, निक्षेप बीमा, लकर सुविधा लगायतका सेवा प्रदान गरिने बताए।

उनले यसअघि चारआली र दमकमा शाखा कार्यालय सञ्चालनमा ल्याएको जानकारी दिए। त्यस्तै बैंकका प्रमुख कार्यकारी अधिकृत दिनेशलाल श्रेष्ठले बैंकको अधिकृत पुँजी एक अर्ब, जारी पुँजी ८० करोड, चुक्ता पुँजी ८० करोड, संस्थापक शेयर पुँजी ४० करोड ७९ लाख ६६ हजार दुई सय ४५ रुपैयाँ र सर्वसाधारण शेयर पुँजी ३९ करोड २० लाख ३३ हजार सात सय ५५ रुपैयाँ रहेको जानकारी दिए।

ललितपुरमा मुख्य कार्यालय रहेको बैंकको काठमाडौं, वीरगञ्ज, जनकपुर, हेटौडा, नारायणघाट, भैरहवा, बुटवल लगायतका स्थानमा शाखा कार्यालय सञ्चालनमा ल्याएको जानकारी दिए। कार्यक्रममा नेपाल जेसीजका राष्ट्रिय उपाध्यक्ष विशाल थापा, सिम्रिक बचत तथा ऋण सहकारी संस्थाका विभागीय प्रमुख बिजय बस्नेत, एनआइसी एसिया बैंकका बिर्तामोड उपक्षेत्रीय प्रबन्धक दशरथ पराजुली लगायतले शुभकामना दिएका थिए। कार्यक्रमको सञ्चालन बैंकका क्षेत्रिय प्रवन्धक बिशाल सापकोटाले गरेका थिए।

